"न्यायपालिकाको स्वतन्त्रताः न्यायिक सुशासन हाम्रो प्रतिबद्धता"

# बागलुङ जिल्ला अदालत

## बागलुङ

पत्र संख्याः- ०७८/७९
चलानी नः-०७८-६२-००

प्रशासन शाखा

गण्डकी प्रदेश
मितिः-२०७८।१०।१३

## सेवा प्रवाह सम्वन्धी सूचना !

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (Covid-19) को भेरियन्टबाट यस अदालतमा कार्यरत माननीय जिल्ला न्यायाधीशज्यू र कर्मचारीसमेत संक्रमण भएको तथा उक्त कोरोना भाईरसको थप संक्रमणका कारण यस अदालतमा कार्यरत अन्य कर्माचारीहरु तथा न्यायका उपभोक्ताहरुमा फैलिन नदिन र त्यसको रोकथाम तथा नियन्त्रणका लागि यस अदालतबाट सम्पादन हुने तपसील बमोजिमको अत्यावश्यक सेवाहरु वाहेकका सेवाहरु मिति २०७८।१०।१६ देखि मिति २०७८।१०।२५ सम्म स्थगन गर्ने यस अदालतको मिति २०७८।१०।१३ गतेको बैठकको निर्णयानुसारको यो सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

### सञ्चालन गरिने सेवाहरु

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमका निवेदनहरु।
२. वन्दीप्रत्यक्षीकरण र निषेधाज्ञा निवेदन दर्ता र सुनुवाई ।
३. अभियोगपत्र दर्ता, पक्राउ अनुमति र स्वीकृति जारी, पक्राउ प्रतिवादीको बयान, थुनछेक/ बहस, म्याद थप र कल डिटेल्स सम्बन्धी कार्यहरु ।
४. चालु मुद्दाको मिलापत्र र फिर्ता ।
५. नावालक अभिभावकको जिम्मा लगाई पाउँ भन्ने सम्बन्धी निवेदन ।

पुनश्चः काम कारवाही तथा सेवा स्थगन भएका अवधिमा मुद्दा, रिट तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद र तारेख नगुज्रने ।

☎ ०६८-५२०२४२ मेलमिलाप गरौ, विवाद नबढाऔं । Email:info.dcbaglung@supremecourt.gov.np
"असमर्थ पक्षलाई निःशुल्क कानूनी सेवा उपलब्ध छ ।"admin.dcbaglung@supremecourt.gov.np